आज मिति २०८२।०३।०२ गते (ने.सं.११४५ तछलागा पञ्चमी) सोमबारका दिन विहान १२:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को २४ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल।


कार्यपालिका बैठक मिति : २०८२।०३।०२ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठक्को एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०२।३० गते

**मिति २०८२।०३।०२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:-**

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. २ कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं ३ : गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ४ आगामी आ.व.मा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट सीमा सम्बन्धमा

प्रस्ताव नं. ५ : राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं ६: विभिन्न मन्त्रालयबाट प्राप्त परिपत्रको सम्बन्धमा,

प्रस्ताव नं ७ : उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको कृषक तथा फर्म छनौट सम्बन्धमा

प्रस्ताव नं ८ : मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेकाम क्यान्सर रोगी, मेरुदण्ड पक्षघात भएका विरामीहरुको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ९ : गाउँपालिकाको विभिन्न डि.पि.आर.को प्रतिवेदन सम्बन्धमा,

विविध प्रस्तावहरु

निर्णय नं. १:

प्रस्ताव नं १ उपर छलफल गर्दा पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं. २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा कर्मचारी नियुक्ति तथा व्यवस्थापनको विषयमा तपसिल बमोजिम गर्ने ।

क) प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा, अन्तर्वाता तथा सिफारिस शाखाको प.स. ०८१।८२, चलानी नं ७६७, मिति २०८२।०१।२३ गतेको उम्मेद्वार सिफारिस गरी पठाइएको यस गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय प्रशासन, प्रशासन, सातौं तह, विपन्न खस आर्य, प्रशासकीय अधिकृतमा सिफारिस हुनुभएका सन्दिप ओलीले मिति २०८२।०२।२७ गते गाउँपालिका कार्यालयमा नियुक्ति तथा हाजिर हुन निवेदन पेश गर्नु भएकाले गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ अनुसार मिति २०८२।०२।२७ गतेबाट लागु हुने गरी यस गाउँपालिकाको स्थानीय प्रशासन, प्रशासन, सातौ तहमा नियुक्ति दिने ।

ख) गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा सशर्त अनुदान र गाउँपालिकाको अन्य शीर्षकबाट तलब भत्ता भुक्तानी हुने गरी विभिन्न कार्यक्रम तथा नियमति पदहरुमा कार्यरत करारका कर्मचारीहरुको कार्यसम्पादन, अनुशासन, नियमितता, कार्यलय प्रति निजले देखाएको सिर्जनशिलता लगायतको मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो देखिका कर्मचारीलाई बढीमा ६ (छ) महिनाको लागि करारको अवधी थप गर्न प्रमुख प्रशासकीय अधिकृतालाई जिम्मेवारी दिने ।

ग) बर्षायाममा कालीगण्डकी नदीको वहावको जोखिम उच्च हुने भएकाले विपदको जोखिम सूचना प्रवाह गर्नको लागि नदि हेरालोको रुपमा अन्नपूर्ण-३ दानाको सुनिल पाइजालाई २०८२।०४।०१ गते देखी लागु हुने गरी ३ महिनाको लागि मासिक रु १० हजार दिने गरी नियुक्ति गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिकास्तरीय अनुगमन समिति संयोजक गाउँपालिकाको प्रस्तुत भएको अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा छलफल गरियो । समितिले दिएका सुझावहरु आगामी दिनहरुमा कार्यान्वयन गर्ने ।

निर्णय नं. ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँढफाँडबाट प्राप्त हुने रकम, अनुदान तथा अन्य आय र त्यसको सन्तुलित वितरणको लागि देहाय बमोजिम बजेट सिमा निर्धारण गर्ने गरी पेश गरेको सुझाव स्वीकृत गर्ने ।

तपसिल :

क) आ.व. २०८२।०८३ को गाउँपालिकाको आयको प्रक्षेपण

| शीर्षक | आ.व. ०८२/८३ को अनुमान |
|---|---|
| राजश्व | |
| आन्तरिक राजस्वः | २१२७५००० |
| अन्य (अ.ल्या.) | ८५५५२४४८ |
| राजस्व बाँडफाँडः | १०५९६१३४५ |
| सवारी साधन कर (प्रदेश) | १०४९८००० |
| वित्तीय हस्तान्तरण | |
| नेपाल सरकारबाट प्राप्त हुने अनुदानः | |
| वित्तीय समानीकरण अनुदान | ९३२००००० |
| सशर्त अनुदान | २१८२००००० |
| समपूरक अनुदान | ९०००००० |
| विषेश अनुदान (भुक्तानी बाँकी) | |
| विशेष अनुदान | ४४३००००० |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः | |
| वित्तीय समानीकरण अनुदान | ९६१६००० |
| सशर्त अनुदान | |
| समपूरक अनुदान | ६०००००० |
| विशेष अनुदान | ४०००००० |
| वित्तीय व्यवस्था (प्राप्ति) | |
| अन्य | |
| जम्मा ( अक्षेरुपी ६० करोड ७६ लाख २ हजार ७ सय ९३ रुपैया) | ६०,७६,०२,७९३ |

अन्नपूर्ण गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाखापानी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

ख) बजेट सिमा निर्धारण :

वडा गत सिलिङ

क) वडा नं १ मा रु ६५ लाख,

ख) वडा नं २ मा रु ६५ लाख,

ग) वडा नं ३ मा रु ७६ लाख

घ) वडा नं ४ मा रु ८६ लाख,

ङ) वडा नं ५ मा रु ७७ लाख,

च) वडा नं ६ मा रु ७७ लाख,

छ) वडा न ७ मा रु ७० लाख

ज) वडा नं ८ मा रु ७० लाख

शाखागत सिलिङ

क) शिक्षा शाखा रु १ करोड ८१ लाख १६ हजार

ख) स्वास्थ्य शाखा रु ८० लाख १९ हजार ६ सय

ग) महिला तथा बालबालिका शाखा रु ६६ लाख ५० हजार।

घ) कृषि विकास शाखा रु ५९ लाख

ङ) पशु सेवा शाखा रु ५३ लाख ५० हजार

च) उद्यम विकास शाखा रु ५ लाख

छ) आयुर्वेद शाखा रु ५ लाख

ज) सहकारी शाखा रु ०

झ) प्रधानमन्त्री रोजगार कार्यक्रम रु ३० लाख।

निर्णय नं ५:

प्रस्ताव नं ५ उपर छलफल गर्दा मिति २०८२।०२।२९ गते बसेको गाउँपालिका स्तरीय राजश्व परामर्श समितिको प्रतिवेदन आगामी आ.व.को कर, शुल्क र दस्तुरका दरहरु, आर्थिक विधेयक २०८२ आगामी आ.व.को आन्तरिक आयको अनुमान स्वीकृत गरी सभामा पेश गर्ने ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा नेपाल सरकारको विभिन्न मन्त्रालयबाट प्राप्त पत्रको सम्बन्धमा तसपिल बमोजिम गर्ने ।

१) नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा)को प.स. २०८१/८२, चलानी नं २६८, मिति २०८२।०२।२७ को पत्रसाथ संलग्न राष्ट्रिय योजना आयोगको च.न.२६५, मिति २०८२।०२।२२ को आ.व. ०८२/८३ का लागि समपुरक र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहका स्वीकृत आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन पूर्ण रुपमा परिपालना गर्ने ।

२) नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोष, थापाथली, काठमाण्डौ, प.स. ०८१।०८२, चलानी नं ७८७, मिति २०८२।०२।१६ गतेको सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धि पत्र र नेपाल सरकारको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचनाको राजपत्रको विषयमा जानकारी भयो। हाललाई उक्त व्यवस्था तत्काल कार्यान्वयनमा बढाउन श्रोत अभाव हुने देखिएकाले क्रमशः कार्यन्वयन गर्दै लैजाने ।

३) नेपाल सरकार भूमि समस्या समाधान आयोग जिल्ला समिति म्याग्दीको प.स. २०८१।८२, च.न.१४, मिति २०८२।०२।२५ गतेको पत्रको साथ प्राप्त भूमि समस्या समाधान आयोग ताहाचल, काठमाण्डौको प.स. २०८१।८२, च.न.४३६, मिति २०८२।०१।११ गतेको सूचना प्रकाशन सम्बन्धी पत्रको व्यहोरा जानकारी भयो । यस केही घरपरिवारहरुको नामावली छुटेकाले पुन :लगत संकलनको लागि भूमि समाधान आयोग जिल्ला समिति म्याग्दीमा सूचना प्रकाशन गर्न अनुरोध गर्ने ।

**निर्णय नं ७ :**

प्रस्ताव नं ७ उपर छलफल गर्दा गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा पशु सेवा शाखा तर्फ स्वीकृत भएको **'उत्पादनमा आधारित प्रोत्साहित कार्यक्रम'** मा ३३ वटा निवेदन प्राप्त भएकोमा तपसिलका १३ वटा फर्म/समुह/सहकारीहरुलाई छनोट गर्ने र लघु उद्यमीललाई रु १२ हजार, साना उद्यमीलाई रु १८ हजार, मझौला उद्यमीलाई रु २५ हजार र व्यवसायिक उद्यमीलाई रु ३५ हजार प्रदान गर्ने ।

तपसिल :

| क्र. सं. | फर्म/समुह/सहकारीको नाम र ठेगाना | ठेगाना | माउ पशुको किसिम र संख्या वा उत्पादन | व्यवसायको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भगवती बाख्रा पालन फर्म | अन्नपूर्ण गा.पा. ६, घार | माउ बाख्रा-२५ जम्मा-५१ | लघु उधमी | |

...पूर्ण गाउँपालिका
कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बरुवाल बाखापालन फर्म | अन्नपूर्ण गा.पा. ६, ओडारे | माउ बाखा-१८ जम्मा-४१ | लघु उधमी | |
| ३ | खड्का तरकारी तथा पशुपंक्षी फर्म | अन्नपूर्ण गा.पा. ६, पोखरेबगर | गाई-३ जम्मा-४ | लघु उधमी | |
| ४ | धौलागिरी बहुउदेशिय कृषि तथा पशुपंक्षी फर्म, | अन्नपूर्ण गा.पा. ६, बिरौटा | माउ भैंसी-१२<br>माउ गाई-१३ | व्यवसायिक उधमी | |
| ५ | सिद्ध बहुउदेशीय सहकारी संस्था लिमिटेड, | अन्नपूर्ण गा.पा. ६, पोखरेबगर | २६,६८१ लि. दूध संकलन तथा विक्री वितरण | व्यवसायिक उधमी | ०८१।०६।०४ देखी १२।०४ सम्मको रेकर्ड |
| ६ | होलिडे कृषि तथा पशुपंक्षी फर्म, | अन्नपूर्ण गा.पा. ६, बैंसरी | माउ बाखा-२६ जम्मा-५१ | साना उधमी | |
| ७ | विशाल कृषि तथा पशुपंक्षी फर्म | अन्नपूर्ण गा.पा. १, दोबा (बगर) | माउ गाई-२ जम्मा-३<br>माउ भैंसी-२ जम्मा-३ | लघु उधमी | |
| ८ | खपाङ्गी कृषि तथा पशुपंक्षी बहुउदेश्यीय फर्म | अन्नपूर्ण गा.पा. १, दोबा | माउ बाखा-२२ जम्मा-५६ | लघु उधमी | |
| ९ | ओम प्रकाश भेडा बाखा फर्म | अन्नपूर्ण गा.पा. १, दोबा | माउ भेडी-१५० जम्मा-५०० | व्यवसायिक उधमी | |
| १० | पुनम भेडा बाखा फर्म | अन्नपूर्ण गा.पा. १, दोबा (देविस्थान) | माउ भेडी-१०० जम्मा-३०० | व्यवसायिक उधमी | |
| ११ | दिपेन्द्र बाखा पालन (परिवर्तित नामः- दिपेन्द्र कृषि तथा पशुपंक्षी फर्म) | अन्नपूर्ण गा.पा. १, सुनारी बगर | माउ बाखा-१७ जम्मा-४९ | लघु उधमी | |
| १२ | बेगे कृषि तथा पशुपंक्षी फर्म | अन्नपूर्ण गा.पा. १, दोबा | माउ बाखा-१५ जम्मा-४० | लघु उधमी | |
| १३ | मणी बराही बाखापालन समुह | अन्नपूर्ण गा.पा. १, दोबा | माउ बाखा-५८३ जम्मा-१०१८ | व्यवसायिक उधमी | |

**निर्णय नं ८ :**

प्रस्ताव नं ८ उपर छलफल गर्दा मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ अनुसार मासिक रुपमा रु ५,०००/- दरले उपलब्ध गराउन उक्त शिर्षकमा रु २५०,०००/- मात्र बाँकी रहेको र चालु आ.व.को चौथो त्रैमासिकको लागि पेश हुन आएको टिप्पणी र आदेशमा उल्लेखित रकम मध्ये रु २,४५,०००/- अपुग रहेकाले उक्त बाँकी रकम विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने ।

निर्णय नं ९ :

प्रस्ताव नं ९ उपर छलफल गर्दा यस अन्नपूर्ण गाउँपालिका अन्तर्गत पर्ने बिभिन्न आयोजनाहरुको सर्भे,डिजाईन,ड्रोईङ्ग तथा लागत ईष्टिमेट (DPR) तयार गर्न आबश्यक ठानि मिति २०८१।११।१९ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम परामर्श सेवा खरिद गरि DPR तयार गर्ने कार्य संचालन भई हाल उक्त कार्य सम्पन्न गरि यस गाउँ कार्यपालिकामा ड्राफ्ट प्रतिबेदन पेश हुन आएकाले तपसिल बमोजिमका आयोजना तथा परामर्शदाताहरुले पेश गरेका ड्राफ्ट प्रतिबेदन उपर छलफल गरि आबश्यक सुझाब उपलब्ध गराईयो ।

<u>तपसिल</u>

| क्र.सं | आयोजनाको नाम | परामर्श दाता | कैफियत |
|---|---|---|---|
| १ | घारा युवा क्लवको खेल मैदान,अन्नपूर्ण-६,घार,स्याग्दी । | राईजिङ कर्णाली ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. ,तिनकुने -३२ , काठमाण्डौ । | |
| २ | वडा नं ३ दाना प्रमुख स्थानीय सडक पूर्बाधार निर्माण आयोजना, अन्नपूर्ण-३,दाना,स्याग्दी । | शर्मा ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि का.म.ना - ३२,कोटेश्वर,काठमाण्डौ । | |
| ३ | वडा नं ४ नारच्याङको प्रमुख स्थानीय सडक पूर्बाधार निर्माण आयोजना, अन्नपूर्ण-४ ,नारच्याङ,स्याग्दी । | श्वेत शिव कन्स्ट्रक्सन् एण्ड कन्सल्टेन्सी प्रा.लि, कोटेश्वर-३२ ,काठमाण्डौ । | |

निर्णय नं १०:

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

क) सस्टेनेवल रिसर्च डेभलमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.ले सामाजिक परीक्षण प्रतिवेदन २०८१ र कृतज्ञ इन्जिनियरिङ प्रा.लि.ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०८१ तयार गरी यस गाउँपालिकामा पेश गराएकाले उक्त प्रतिवेदनहरु स्वीकृत गर्ने र उक्त कम्पनीहरुलाई भुक्तानी दिने ।

ख) अन्नपूर्ण गाउँपालिका कार्यालयले मायाको चिनो छपाई गरी प्राप्त भएकाले उक्त कार्यको भुक्तानी २० औ अधिवेशनबाट विनियोजन गरेको अन्नपुर्ण चिनारी संशोधन र पुस्तक छपाई शिर्षकबाट दिने ।

ग) तपसिलका बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता शीर्षकबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने ।

| क.स. | नाम थर | ठेगाना | संलग्न कागजातहरु | आर्थिक सहायता दिनुपर्ने कारण | सहायता रकम रु |
|---|---|---|---|---|---|
| १ | नर बहादुर नेपाली | वडा नं ६, खिवाङ | १) वडाको सिफारिस २) व्यक्तिगत निवेदन ३) जिर्ण घरको फोटोहरु | निज बस्ने घर जिर्ण रहेको छानो भत्किएर पानी चुहुने गरेको र निजको घरको आर्थिक अवस्था कमजोर रहेको र परिवारको कुनै सदस्य काम गर्ने सक्ने अवस्था नरहेको । | ५०,०००/- |
| २ | विष्णु कुमारी दर्जी | वडा नं ६, पोखरेवगर | | निज बस्ने घर जिर्ण रहेको छानो भत्किएर पानी चुहुने गरेको र निजको घरको आर्थिक अवस्था कमजोर रहेको र परिवारको कुनै सदस्य काम गर्ने | ५०,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सक्ने अवस्था नरहेको । | |
| ३ | सम बहादुर खाती | वडा नं ५ शिख | १) वडाको सिफारिस<br>२) व्यक्तिगत निवेदन<br>३) जिर्ण घरको फोटो | निज बस्ने घर जिर्ण रहेको छानो भत्किएर पानी चुहुने गरेको र निजको घरको आर्थिक अवस्था कमजोर रहेको र परिवारको कुनै सदस्य काम गर्ने सक्ने अवस्था नरहेको । | ५०,०००/- |
| ४ | बिर बहादुर वि.क. | वडा नं ७ घराम्दी | | निज बस्ने घर जिर्ण रहेको छानो भत्किएर पानी चुहुने गरेको र निजको घरको आर्थिक अवस्था कमजोर रहेको र परिवारको कुनै सदस्य काम गर्ने सक्ने अवस्था नरहेको । | ५०,०००/- |